# नेपालमा पत्रकारिता

## सूचना विकासको पृष्ठभूमि

विश्वमा सरकारी सूचनाहरू सार्वजनिक गर्ने प्राचीन परम्पराबाट पत्रकारिताको इतिहास प्रारम्भ भएको कुरालाई मान्यता दिएको पाइन्छ । पछिपछि जनताका विचारहरू व्यक्त गर्ने माध्यमको रूपमा पनि पत्रकारिताको प्रयोग हुन थाल्यो । कालान्तरमा विश्वले अनेक परिवर्तनहरूको सेरोफेरोबाट गुज्रँदै जाँदा पत्रकारिताले जनतामा लोक कल्याणकारी भावनाहरूको विकास गर्ने थप जिम्मेवारी पनि पायो । विकासको यसै क्रममा आज आएर सार्वजनिक क्षेत्रमा कमीकमजोरी तथा असफलताहरू देखिन थालेका छन् । यी आलोचनायोग्य र दोषहरूलाई निर्भयपूर्वक अभिव्यक्त गर्ने भूमिका पनि पत्रकारिताले नै बहन गरेको देखिन्छ । समष्टिमा मूल्याङ्कन गर्ने हो भने विश्वको इतिहासमा अहिले पत्रकारिताको जुन महत्वपूर्ण स्थान छ त्यसको पछाडि उक्त किसिमका सबै वैचारिक आधारहरूको भूमिका उल्लेख्य छ ।

पत्रकारिताको प्रामाणिक इतिहासतर्फ ध्यान दिँदा रोमन जनरल जुलियस सीजरले सन् १००–१४४ को आफ्नो शासनकालमा जनसूचना पद्धतिको विकास गरेपछि सर्वप्रथम पत्रकारिताको मूल सोचाइको जन्म भएको मानिन्छ । यसरी सूचना प्रवाहको उद्देश्यले पत्रकारिताको जन्म र विकास भएको थियो । विश्वमा तेजीका साथ भइरहने परिवर्तित परिस्थितिहरूमा पनि पत्रकारिताको सम्पूर्ण अङ्गहरू सुसूचित गराउने आधारमा नै विकसित भइरहेका छन् । समयको मागका साथसाथै मानवीय विकासका अनेक नयाँनयाँ पद्धतिहरूको परिचय तेजीका साथ विश्वले प्राप्त गर्दै गइरहेको छ । ती सँगसँगै पत्रकारिताको क्षेत्रमा अनेक नयाँनयाँ दायित्व, कार्य पद्धति तथा आधारहरूको विकास भएको छ । यस्तो परिवेशमा जनतालाई सुसूचित गराउने पारम्परिक उद्देश्य र दायित्व पूरा गर्नुका साथै अहिलेको पत्रकारिताले अरू पनि धेरै कर्तव्यहरूको निर्वाह गर्नुपर्ने स्थिति आउनु स्वाभाविकै हो ।

नेपालको सन्दर्भमा पनि पत्रकारिताको पहिलो परिचय इस्तिहार प्रकृयाबाट सरकारले जनतालाई सुसूचित गर्ने, जानकारी गराउने, सचेत गर्ने र के गर्ने, के नगर्ने भनी निर्देशन दिने कामबाट भएको देखिन्छ । विश्वमा सूचना दिने परम्परा

कायम भएको कालभन्दा धेरै ढिलो भए पनि पत्रकारिताको विकासको प्रक्रिया नेपालमा पनि भयो । यसरी विश्व पत्रकारिता विकास क्रमको प्रभाव नेपालमा परेको पाइन्छ । सन् १६६२ तिर नेदरलैण्डमा विश्वको पहिलो पत्रिका *आर्चर्स विक्ली न्यूज* प्रकाशित भएपछि पत्रकारिताको मूल स्वरूप निर्धारण भएको मानिन्छ । युरोपमा सरकारी सूचना दिने क्रम पहिलो शताब्दीताका प्रारम्भ भएको थियो । यसको लगभग १६०० वर्षपछि मात्र पत्रकारिता जन्मियो । यसरी हेर्दा नेपालमा सरकारी सूचना दिने क्रम प्रारम्भ भएको लगभग १०० वर्षपछि १९५८ सालमा *गोरखापत्र* साप्ताहिकको प्रकाशन भएको पाइन्छ । पत्रकारिताको महत्व र स्वरूपलाई आमजनतासम्म परिचित गराउने यो पहिलो ऐतिहासिक यात्रा हो ।


गोर्खापत्र
एडिटरको राय ।

नेपालको अन्य क्षेत्रमा त्यतिबेला रहेको पछौटेपनको तुलनामा *गोरखापत्र*को प्रकाशन हुनुलाई प्रेरणास्पद र सन्तोषजनक नै मान्नु पर्दछ । यसरी १९५८ सालमा सबभन्दा पहिले नेपालमा पत्रिकाको प्रकाशन भएको ऐतिहासिक घटनाको पछाडि दुई कारणहरू प्रमुख रूपले सक्रिय छन् । पहिलो, अन्तर्राष्ट्रिय क्षेत्रमा पत्रकारिताको विकास भइरहेको स्थिति हो । खासगरी भारतीय भू-भागमा त्यतिबेलासम्म पत्रपत्रिकाहरूको अत्यधिक प्रसार भै आम जनजीवनमा यसको महत्व स्थापित हुने क्रममा थियो । दोस्रो, नेपालमा त्यतिबेला सरकारमा रहेका उदारवादी शासक देवशमशेर र जयपृथ्वीबहादुर सिंहले *गोरखापत्र*को प्रकाशन गरेर सर्वसाधारणलाई ज्ञानवर्द्धक सामग्री, मनोरञ्जन र आवश्यक सरकारी सूचनाहरू दिनुपर्ने आवश्यकता महसुस गरे । *गोरखापत्र*को पहिलो अङ्कमा पत्रिका प्रकाशनका लागि सरकारी उद्देश्य र आवश्यकताको सान्दर्भिकतालाई यसरी स्पष्ट पारिएको छ ।

> जुन देशमा अखबार बढ्दै गएको छ ती[२] देशमा रोज व रोज उन्नति पनि बढ्दै गएको देखिन्छ । हुन पनि यस संसारमा सबैभन्दा मुख्य कुरो खबरै (शब्द) छ ।

पंक्षीमा पनि खबरले आपसमा व्यवहार चलाएका छन्, जस्तैः कहीँ मरेको काग कोई एक कौवाले देख्यो भने 'काग काग' शब्द गरी सारा कौवालाई खबर दि कागको बथान जम्मा गर्दछ। तेसै कारणले शास्त्रमा पनि 'शब्द ब्रह्म' शब्द भनेको खबर, ब्रह्म भनेको ईश्वर हो भन्ने सिद्धान्त हो।

यो तल लेखीयाको अखबार हुनाको फायदा तपाईहरू ग्राहकगणले यथार्थ सम्झी काममा ल्याउन अवश्य सक्नु हुनेछ भन्ने उम्मिद गरी अखबारको फायदा लेखी तपाईहरूमा चढाउँछु। (१) यो पत्रबाट दुनियाँको दुःख दर्द श्री ३ महाराजको हजुरमा पुगी यथार्थ जाहेर हुने हुनाले र श्री ३ महाराजबाट दुनियाँको उपर निगाह राखी बक्सने राय तपाई हामीहरू सारा दुनियाँहरूलाई यथार्थ थाहा हुने हुनाले राजा रैयत सबैलाई ठूलो फायदा छ (२) अखबार बराबर हेर्नाले दुनियाँभरको खबर जानी ठूला२ मुलुकमा यस२ किसिमले देशको उन्नति गरेको रहेछ, यस्तो सभ्यता रहेछ भनी जान्नाले बुद्धिमान भयाका दुनियाँले आफ्नो चाल चलन, धर्म, कर्म, खेतीपाती, इलम इत्यादि सम्पूर्ण विषयमा उन्नति गरेको देखी दुनियाँमा राजाको प्रेम बढ्दै जाने हुनाले र राजाले आफूमाथि प्रेम गरेको देखी दुनियाँले पनि राजामा भक्ति रोज व रोज हर किसिमले बढाउँदै लैजाने हुनाले राजा रैयत दुवैको बहुत फायदा छ।

त्यसै अवधिताका बनारसबाट नेपाली भाषामा *सुन्दरी* र *माधवी* पत्रिका पनि प्रकाशन भइरहेकोले नेपाली पत्रकारिताको विकासमा सहयोग पुगेको अनुमान गर्न सकिन्छ।

## पत्रकारिताको पहिलो उद्देश्य निर्धारण

*गोरखापत्र*को पहिलो अङ्कमा माथि उल्लिखितलगायत राजा, रैती र देशलाई फाइदा हुने १४ वटा विभिन्न सिलसिलेवार विवरण छापेको थियो। यी सबै विषयवस्तु अध्ययन गर्दा नेपालमा मूलतः अखबारको आवश्यकता, उपयोगिता र कार्यविधिबारे एक सामान्य किसिमको रूपरेखा पाइन्छ। यसले पत्रकारिताको वर्तमान स्वरूप निर्धारणमा महत्वपूर्ण भूमिका खेलेको छ। सैद्धान्तिक दृष्टिकोणले हेर्ने हो भने *गोरखापत्र*ले आजभन्दा १०० वर्ष पहिले अखबार प्रकाशन गर्नाले हुने फाइदा र प्रभावको विषयमा राखेका अवधारणाहरू आज पनि नेपाली पत्रकारिताले परिवर्तित सामाजिक एवं राष्ट्रिय परिस्थितिहरूअनुरूप केही फेरबदलका साथ अनुसरण गर्ने गरेको छ। त्यतिबेला *गोरखापत्र*ले प्रस्तुत गरेको पत्रपत्रिकाको महत्व र फाइदा यसप्रकार छः

१ सरकार तथा जनताका आपसी सम्बन्धहरूलाई एक अर्काको हितका लागि विकास गर्ने,

२ विश्वको हालखबर र भइरहेको विकासको विषयमा जानकारी लिई आफ्नो देशको पनि उन्नति गर्ने,

३ विदेशी सैन्य शक्तिको जानकारी लिई तदनुरूप देशको सुरक्षा गर्ने,

४ प्रशासनले गरेको राम्रो नराम्रो कामको जानकारी प्राप्त गर्ने र गराउने,

५ अधिराज्यभरि र देश विदेशका हालखबरहरू सस्तो र सरल ढङ्गमा सबैले पढ्न पाउने,

६ विदेशमा नोकरी र व्यापार गर्न गएका नेपालीहरूले आफ्नो देशको हालखबर थाहा पाउने,

७ व्यापारिक गतिविधि र दरभाउको जानकारी हुने,

८ बुद्धिमानहरूले रचना गरेका रचनाहरू सबैले पढ्न पाउने,

९ सरकारले समय-समयमा गर्ने गरेको सार्वजनिक निर्णय, न्याय र नयाँ ऐन कानूनको विषयमा सबैले थाहा पाउने,

१० अखबार पढेर हुने फाइदाबाट प्रभावित भै मानिसहरूले आफू शिक्षित हुने र शिक्षा प्रसारमा पनि ध्यान दिने,

११ स्त्रीहरूले अनुपयोगी काममा समय बिताउने गरेकोमा अखबार पढेर नयाँनयाँ कुरा सिक्न पाउने,

१२ शिक्षालयहरूमा अध्यापक र विद्यार्थीहरूले अखबार पढेर ज्ञान बढाउन सक्ने,

१३ खेतीपाती गर्नेहरूले पनि खेतीपाती गर्ने कुरामा नयाँनयाँ जानकारी पाई फाइदा उठाउन सक्ने, र

१४ धर्मकर्म, संस्कार, ज्योतिष, ब्रत उत्सवका कुराहरू पनि छापिने भएकोले यसबाट सबैले जानकारी लिई फाइदा उठाउने ।

यसरी मूल रूपले *गोरखापत्र*द्वारा निर्धारित सबैजसो उद्देश्यहरूको औचित्य आज पनि कायमै रहेको छ। नेपालको पत्रकारिताले आजको समयमा सोच्ने गरेजस्तै पत्रकारितालाई आर्थिक दृष्टिकोणले लाभप्रद हुने पेशाको रूपमा भने *गोरखापत्र*ले लक्ष्य निर्धारण गरेको पाइएन । त्यसपछिका दिनहरूमा भने पत्रकारितालाई आर्थिक दृष्टिकोणले लाभप्रद हुने वा व्यावसायिक पेशाको रूपमा स्थापना गर्ने अनेक प्रकारका सोचहरू पनि यसमा थपिँदै गएका थिए । अर्को शब्दमा, आधुनिककालमा पत्रकारिताको इच्छितस्वरूप निर्धारण गर्ने प्रमुख तत्वहरू यान्त्रिक,

भौतिक र मानसिक शक्तिमा निर्भर रहेका छन् । तर *गोरखापत्र*को प्रकाशनकालमा भौतिक र यान्त्रिक शक्तिभन्दा पनि मानसिक शक्तिको भूमिका प्रबल थियो । यस दृष्टिकोणले नेपालमा पत्रकारिताको विकास देशभित्र वा बाहिर जहाँ पनि भयो त्यसमा प्रमुख कारकतत्व भनेको बौद्धिक शौख वा शक्ति नै रहेको देखिन्छ । अर्कोतर्फ मुलुकबाहिर भारतमा नेपाली पत्रकारिताको उद्देश्य आफ्नो राष्ट्रिय पहिचान कायम गरी भाषा र जातिको परिचयको साथै व्यक्तित्वहरूको पहिचान पनि स्थापित गर्नु रहेको थियो । अन्ततोगत्वा मुलुकबाहिर र मुलुकभित्र त्यसकालमा प्रारम्भ भएको पत्रकारिताले नेपाली भाषाको विकास र गोरखाली जातिको परिचय दिने कामको थालनी गरेको पाइन्छ ।

नेपाली पत्रकारिताले इतिहासको प्रारम्भमा जे जस्तो उद्देश्य लिएको भए पनि अरू उद्देश्यहरूभन्दा सरकारी सूचनाहरूको प्रसार तथा शासक वर्गका कामहरूको गुणगान गर्ने दुई मुख्य प्रवृत्तिहरूले भने नेपाली पत्रकारितामा दीर्घकालीन एवं अविछिन्न प्रभाव पार्नु उल्लेखनीय पक्ष हो । नेपाली पत्रकारिताको विगतको १०० वर्षको इतिहासतर्फ हेर्दा यी दुवै प्रवृत्तिहरूले बदलिँदो राष्ट्रिय परिस्थितिहरूको सन्दर्भमा पनि कुनै न कुनै रूपले राष्ट्रिय गतिविधिहरूमा स्थान पाएकै देखिन्छ । यसैकारणले गर्दा नेपाली पत्रकारिताको विश्वसनीयताले आमजनतालाई एकीकृत रूपमा समेट्न सकेको थिएन, र छैन पनि ।

## राणा शासनमा पत्रकारिताको प्रभाव

राणा शासनकालका प्रधानमन्त्री देवशमशेरको छवि तुलनात्मक रूपमा अन्य राणा प्रधानमन्त्रीहरूभन्दा सुधारवादी मानिन्छ । उनले *गोरखापत्र*को प्रकाशन गर्दा सर्वे भवन्तुः सुखिनः अर्थात् सबै हुन् सुखीयाको आदर्शलाई अगाडि सारी आफ्ना ज्वाइँ नाता पर्ने बझाङी राजा जयपृथ्वीबहादुर सिंह र अर्का नातेदार दिल्ली शमशेरको नेतृत्वमा *गोरखापत्र*को प्रकाशन गर्ने हुकुम दिएका थिए । तर *गोरखापत्र*को प्रकाशनको पृष्ठभूमि निर्माणमा पहिला राणा प्रधानमन्त्री जङ्गबहादुर बेलायत भ्रमण गर्ने बेला आर्जन गरेका धेरै किसिमका अनुभवहरूमध्ये बेलायतको *टाइम्स* पत्रिकाले त्यहाँको जनता र सरकारमा पारेको प्रभावलाई हेरेर प्राप्त गरेको अनुभवको पनि ठूलो हात छ ।

जङ्गबहादुरपछि राणाकालमा जति पनि राणा शासकहरू पढेलेखेका र शासन चलाउनमा निर्णायक भागीदारी गर्ने किसिमले देखा परे, तिनीहरूले बेलायतको *टाइम्स* पत्रिकाले त्यहाँको राजा, जनता र सरकारको सम्बन्धहरूलाई

दिशा निर्देश गरेको महत्वपूर्ण भूमिकाको सम्झना गरेको पाइन्छ । भनिन्छ, त्यतिबेलादेखि नै राणा शासकहरूले पत्रपत्रिकाको महत्व पनि बुझेका थिए । पत्रपत्रिकाहरूले शासकहरूको आलोचना गरी सरकारले गर्ने गरेको अन्यायको कुरा लेखेमा आमजनतामा शासकहरूको बदनामी फैलिन सक्ने सम्भावनाहरूलाई पनि ध्यानमा राख्ने गरेका थिए । यही कारण जङ्गबहादुरपछिका राणा शासकहरूले भारतबाट अखबार मगाएर दिनदिनै निश्चित समयमा अरूलाई पढ्न लगाउँथे र हालखबर बुझ्ने गर्दथे । साथै कुनै सार्वजनिक हुने किसिमका निर्णयहरू गर्नुपर्दा त्यसको आलोचनाका सम्भावनाहरू अखबारमा कतिसम्म छन् भनी छलफल पनि गर्दथे । खासगरी बेलायतको *टाइम्स*ले के भन्ला भन्नेतर्फ यिनीहरू सतर्क रहेका हुन्थे ।

राणा शासनकालका प्रमुख शासकहरूले पनि पत्रपत्रिकाहरूको पठनपाठन गरिनुपर्ने औचित्यलाई एक सीमासम्म स्वीकार गरेका थिए । यसरी सार्वजनिक जीवनमा पत्रकारिताको भूमिकालाई पनि अन्य अत्यधिक शक्तिशाली राजकीय तत्वहरूले खेल्ने गरेको भूमिकाजस्तै मान्यता मिल्ने यो पहिलो शासकीय सोच बनेको थियो । १९९१ सालमा राणाहरूले एक सवाल जारी गरी राजनीतिक प्रभाव पार्ने कुनै अखबार, किताब बाहिरबाट मगाउन नदिनू भनी व्यवस्था गरेका थिए । राणाहरू पत्रपत्रिकाले पार्ने सामाजिक चेतनाको प्रभावसँग अत्यधिक सशङ्कित थिए भन्ने कुरालाई यसले प्रमाणित गर्दछ ।

## पत्रकारिताको पहुँचमा विस्तार

यस कालमा पत्रकारिताको महत्व स्थापित हुने केही प्रवृत्तिहरूको विकास नेपाली समाजमा सीमित रूपले र धेरै मन्द गतिमा भइरहेको थियो । तैपनि देश र विदेशमा पत्रपत्रिकाहरू प्रकाशित भइरहने र पत्रकारिताको प्रारम्भिक महत्व आमजनतामा स्थापित हुने प्रकृयाहरू कुनै न कुनै रूपले भारतबाट अधिराज्यभरिका प्रायः सबै ठाउँमा बढ्दै थियो । यही कारण पत्रकारिताले व्यापक क्षेत्र ओगट्दै लगेको कुरालाई तत्कालीन समयको उपलब्धि नै मान्नु पर्दछ । यसै क्रममा पढेलेखेका र भारतमा पत्रकारिताको बढ्दो लोकप्रियताको स्थितिसँग परिचित भइरहेका नेपालीहरूमा आफ्नो जातीय पहिचान कायम गर्ने र आफ्नो भाषालाई विकास गर्ने उद्देश्यले पत्रपत्रिकाहरू प्रकाशित गर्ने उत्साह जाग्यो । फलस्वरूप १९४३ सालमा सर्वप्रथम मोतिराम भट्टले बनारसबाट *गोरखा भारत जीवन* नामक नेपाली मासिक पत्रिकाको प्रकाशन गरेका थिए ।

मोतिराम भट्टले अध्ययनको लागि काशीमा रहेको बेला काशीमा भइरहने भारतीय साहित्य र पत्रकारिताको विकासका अनेक गतिविधिहरूलाई निकटबाट अध्ययन गर्ने अवसर पाए । मुख्य रूपमा उनले नेपाली साहित्य भण्डारमा साहित्यिक कृतिहरू र पत्रकारिताको जगतमा पत्रपत्रिका थपे । यसले नेपालमा साहित्य र पत्रकारिताको क्षेत्रलाई स्वावलम्बी हुनेतर्फ अग्रसर गरेको स्पष्ट छ । उनले १९४३ सालमा काशीबाट पहिलो नेपाली पत्रिका प्रकाशित गरेपछि १९५० सालमा काठमाडौँ आई पशुपत छापाखाना खोलेको कारणले पत्रकारिता र साहित्यको क्षेत्रमा धेरै मानिसहरूको सहभागिता हुने वातावरण बनेको थियो । १९५५ सालमा साहित्य र पत्रकारितालाई सँगसँगै विकास गर्ने उद्देश्यले *सुधा सागर* नामक साहित्यिक पत्रिकाको प्रकाशन मोतिराम भट्टले प्रारम्भ गरे । त्यसै कारणले मोतिराम भट्टलाई नेपाली पत्रकारिताको इतिहासको संस्थापक मानिन्छ । नेपाली साहित्य र पत्रकारिताको विकासमा समर्पित उनको प्रतिभा, मेहनत र लगनलाई नेपाली समाजले उच्च रूपमा मूल्याङ्कन गरेको छ ।

यसभन्दा पहिले १९०८ सालमा जङ्गबहादुरले गिद्धे प्रेसको स्थापना गरिसकेका थिए । यसले नेपाली भाषाका अनेकौं सामग्रीहरू प्रकाशन गरी सबैलाई पढ्ने अवसर दिएको कुरा पनि महत्वपूर्ण छ । कालान्तरमा मुद्रित सामग्री पढ्ने बानीले अखबार पढ्ने प्रवृत्तिको विकास भएको हो । यसो हुँदा पत्रकारितासँग आमजनताको परिचय बढ्ने अवसर पनि यसैबाट प्राप्त भएको हो । मोतिराम भट्टको योगदानले आमजनताको सहभागितालाई छापाखाना र पत्रपत्रिकाको क्षेत्रमा स्थापित गर्ने प्रयास गरेपछि वास्तवमा नै पत्रकारिताको विकास हुने प्रकृया प्रारम्भ भयो । माथि पनि भनिएको छ संस्थागत पत्रकारिताको विकास हुने पहिलो प्रयास सरकारी व्यवस्थापनमा १९५८ वैशाख २४ गतेदेखि *गोरखापत्र*को प्रकाशनबाट प्रारम्भ भएको हो । त्यसैकारणले *गोरखापत्र*लाई संस्थागत पत्रकारिताको इतिहास निर्माण गर्ने पहिलो गौरव प्राप्त छ ।

त्यतिबेलासम्म प्रेसहरूको प्रचलन पनि बढिसकेको कारणले पाठ्यपुस्तक, पत्रपत्रिका, इतिहास र कानूनसम्बन्धी पाठ्यसामग्री, साहित्यिक क्रान्तिका साथै सूचनामूलक, ज्ञानमूलक र अभिव्यक्तिमूलक केही सामग्रीहरू पनि छापिएर नेपालको विभिन्न भागमा पुग्ने क्रम प्रारम्भ भइसकेको थियो । यसरी छापेको सामग्री पढ्ने प्रवृत्तिले समाजको चेतनशील वर्गबीच लोकप्रियता बढाउँदै गएको देखिन्छ । मुख्य कुरा यतिबेला सरकारी सूचना र देश विदेशका नयाँनयाँ हालखबर जानकारी गराउने माध्यमको रूपमा *गोरखापत्र*को पहुँच नेपालका सबैजसो जिल्ला सदरमुकामहरूमा

थियो। अखबार पढ्ने यो प्रवृत्तिले केही वर्गविशेष तथा चेतनशील नागरिकहरूबीच सूचना पुग्ने अवसरहरू सिर्जना हुन थाल्यो। यी नागरिकहरूको सङ्ख्या अत्यन्त न्यून भए पनि छलफल र कुराकानीमार्फत् छापिएको सामग्रीको विषयमा धेरै मानिसहरू माझ जानकारी पुग्थ्यो। समष्टिगत रूपमा यो कालको उपलब्धि भनेको पनि छापिएको सामग्रीको विषयमा परिचय विस्तार हुनुलाई नै मान्नु पर्दछ। यस प्रक्रियाले पत्रपत्रिकाको विकासमा खासै योगदान तत्कालै नदिए पनि भविष्यको लागि आधारभूमि खडा गर्ने र आमजनताको रुचि बढाउने कार्य अवश्य गऱ्यो।

## मुलुकबाहिर पत्रकारिता

१९५० को दशकमा भारतीय भूमिमा पनि नेपाली पत्रकारिताको विकासका सम्भावनाहरूलाई मूर्तरूप दिने प्रयास तेजीका साथ भइरहेको थियो। यसै सिलसिलामा मोतिराम भट्टले काशीबाट *गोरखा भारत जीवन* प्रकाशित गरे। त्यस्तै १९५० देखि १९९१ सालको अवधिबीच भारतको दार्जिलिङ, कलकत्ता, देहरादून, कालिम्पोङ, आसाम, खरसाङ, शिलोङ आदि गोरखालीहरूको बस्ती







रहेको ठाउँहरूबाट पत्रपत्रिकाहरूको प्रकाशन हुने क्रम व्यापक र अटुट रूपले चलिरह्यो। यो लहरले नेपालभित्र पनि पत्रकारिताको विकास हुने वातावरणलाई प्रेरित गऱ्यो। भारतमा दार्जिलिङबाट गङ्गाबहादुरको सम्पादनमा *गोर्खे खबरकागत* जस्ता पत्रिकाहरू पत्रकारिताको विकास गर्ने उद्देश्यले भन्दा पनि ईसाइ धर्मको प्रचार गर्ने उद्देश्यले प्रकाशित भएका थिए। तर यस्ता पत्रिकाहरूले पनि अप्रत्यक्ष

रूपमा पत्रपत्रिका पढ्ने रुचि बढाए । बनारसबाट एस.एस. शर्माको सम्पादनमा निस्केको *उपन्यास तरंगिणी* र *सुक्ति सुधा* संस्कृत मासिक पत्रिकाले भने प्रत्यक्ष रूपमा नेपाली पत्रकारिताको विकासमा महत्वपूर्ण योगदान दिएको देखिन्छ । बनारसबाट नै निस्केको *सुन्दरी* लाई रसिक समाजका गङ्गादत्त शर्मा, सोमनाथ सिग्देल, देवीदत्त पराजुली तथा चक्रपाणी चालिसेले प्रकाशनमा सहयोग गरी नेपाली पत्रकारितालाई विकसित हुने अवसर प्रदान गरेका थिए । यसरी नै माधवप्रसाद शर्मा अधिकारी र राममणि आदीले *माधवी* प्रकाशन गरी नेपाली पत्रकारिताको विकासलाई थप गति प्रदान गरे ।


गोर्खाली

साप्ताहिक पत्र ।

१९९१ सालभन्दा पहिलेदेखि बनारसबाट नै माधवप्रसादले *चन्द्र* र माधवप्रसाद रेग्मीले *गोर्खाली*लाई र सूर्यविक्रम ज्ञवालीले *जन्मभूमि*लाई सहयोग पुऱ्याएका थिए । समष्टिगत मूल्याङ्कन गर्दा त्यतिबेलाको बनारसले नेपाली पत्रकारिता, साहित्य र जनचेतनाको विकासमा पुऱ्याएको योगदानलाई नेपालको इतिहासमा उच्च स्थान प्राप्त भएको छ । विदेशी भूमिबाट नेपाली साहित्य र पत्रकारिता जगतलाई अमूल्य योगदान प्राप्त भएको अर्को प्रशंसनीय सन्दर्भ त्यतिबेला खरसाङबाट पारसमणि प्रधानको सम्पादनमा *चन्द्रिका*को प्रकाशनबाट पनि देखिने गर्दछ । काशीबहादुर श्रेष्ठको सम्पादनमा बनारसबाट प्रकाशित हुने *उदय* पत्रिकाले पनि नेपाली साहित्य र पत्रकारिताको क्षेत्रलाई लामो समयसम्म प्रोत्साहन दिएको थियो ।

यसैबीच राष्ट्रिय भाषामा पनि पत्रपत्रिकाहरू प्रकाशित हुने परम्पराको विकासले पत्रकारितामा अर्को आयाम थपेको हो । यसको प्रमुख उदाहरणको रूपमा कलकत्ताबाट धर्मादित्य धर्माचार्यले सम्पादन गरी नेवारी भाषामा प्रकाशन गरेको धार्मिक पत्रिका *बुद्धधर्म*लाई लिन सकिन्छ । कलकत्ताबाट नै रणधीर सुब्बाले *गोरखा* नामक पत्रिका पनि प्रकाशित गरेका थिए । यसैबेला देहरादूनबाट ठाकुर चन्दन सिंहले अङ्ग्रेजीमा *हिमालय टाइम्स* र नेपालीमा *गोर्खा संसार* प्रकाशित गरेर नेपालमा राणा कुशासनको विरुद्ध चलेको राजनीतिक आन्दोलनलाई सघाउ पुऱ्याएको देखिन्छ । पत्रकारितालाई राजनीतिक उद्देश्य प्राप्तिका लागि प्रयोग गर्ने

नेपाली पत्रकारिताको राजनीतिक परम्परा पनि यतिबेलादेखि नै प्रारम्भ भएको पाइन्छ। गोर्खा लीग भन्ने राजनीतिक दलको मुखपत्रको रूपमा यी दुवै पत्रिकाहरू प्रकाशित भएका थिए भने नवीन गोरखा मण्डल भन्ने राजनीतिक सङ्गठनले पनि देहरादूनबाट *तरुण गोरखा* प्रकाशन गरेको थियो । यी पत्रिकाहरूले राजनीतिक जागरणको लागि पत्रपत्रिका प्रकाशन गर्ने प्रवृतिलाई बढावा दिए ।

यसै वातावरणमा साहित्यिक रुचि भएका र नेपाली साहित्यको अभिवृद्धि गर्ने उद्देश्यले प्रेरित साहित्यकारहरूले पत्रिका प्रकाशन गर्ने क्रम पनि निरन्तर चलिरहेकै थियो। *राजभक्ति* नामक पत्रिका प्रकाशन गरी कवि शम्भुप्रसाद ढुङ्गेलले साहित्यका लागि पत्रिका प्रकाशित गर्ने मोतिराम भट्टको परम्परालाई सुदृढ पारेको देखिन्छ।

यसरी नेपालभित्र भन्दा नेपालबाहिर पत्रपत्रिकाहरू प्रकाशित भइरहने परम्परामा १९९१ साल पूर्व शिलोङबाट मणिसिंह गुरुङ्गले *गोर्खा सेवक* तथा भोलानाथ गुरुङ्गले *आसाम गोर्खा* प्रकाशन गरे । यी प्रकाशनले नेपाली मूलका भारतीय र भारतमा अस्थायी बसोवास गर्ने नेपालीहरूबीच भाषा, साहित्य र पत्रकारितालाई लोकप्रिय बनाउने अभियानलाई महत्वपूर्ण योगदान दिएका थिए। विभिन्न क्षेत्रीय भाषाहरूमा पनि पत्रपत्रिका प्रकाशन गर्ने परम्परामा धर्माचार्यले नेवारीमा पत्रिका प्रकाशन गरेजस्तै के.डी. प्रधानले भोटे र ल्याप्चे भाषामा *नेबुला* तथा डमरुदास र पदम ढकालले आसामी भाषामा *कामरूपा* प्रकाशन गरे । भारतको कालिम्पोङबाट जनवरी १९३० मा शेषमणि प्रधानको सम्पादनमा *आदर्श* प्रकाशित भएको थियो र पत्रिका प्रकाशित हुने क्रम टुटेको थिएन। यसै क्रममा आर्मी हेडक्वाटर दिल्लीबाट नेपाली रोमन भाषामा *गोर्खा समाचार* र नेपाली भाषामा *जवान, फौजी अखबार* तथा *सैनिक समाचार* प्रकाशित हुने सिलसिला पनि प्रारम्भ भएको थियो । भारतबाट प्रकाशित हुने यी सबै पत्रपत्रिकाहरूले नेपाली पत्रकारिता जगतलाई प्रजातन्त्र प्राप्तिको कालसम्म सहयोग, दिशा निर्देश, प्रेरणा र अनुभव उपलब्ध गराउँदै आए । नेपाली पत्रकारिताको इतिहासमा यी अभ्यासलाई स-सम्मान र प्रशंसाका साथ पढ्ने गरिन्छ।

## *शारदा* प्रकाशनपछिको नेपाली पत्रकारिता

भारतीय भूमिमा विकासको गति लिएको नेपाली पत्रकारिताले आफ्नो देशभित्र पनि विकसित हुने अवसर खोज्दै थियो । यी प्रयासहरू भइरहने क्रममा १९९१ साल फागुन महिनामा ऋद्धिबहादुर मल्लद्वारा काठमाडौंबाट *शारदा* मासिक पत्रिकाको प्रकाशन भयो । यस प्रयासले पत्रकारिताका साथै नेपाली साहित्यको

क्षेत्रमा पनि केही नयाँ प्रवृत्तिहरूलाई स्थायी रूपमा विकसित हुने अनेक आधारहरू प्राप्त भए । यस कालसम्म नेपाली पत्रकारिताले अनेक प्रकारका तीतामीठा अनुभवहरू बटुलिसकेको थियो ।

पत्रकारिताको विकास हुने यस क्रममा *गोरखापत्र*ले सरकारी संरक्षणको आधारमा आफ्नो पहुँच देशव्यापी बनाइसकेको थियो । यसरी प्राप्त भएको लोकप्रियताले पत्रकारिताको सूचनामूलक पक्षको र साहित्यिक पक्षको प्रचार आमजनतासम्म पुऱ्याउने काममा *गोरखापत्र* केही हदसम्म सफल भएको थियो । त्यतिबेलासम्म नेपालमा र नेपालबाहिर प्रकाशित भइरहेका पत्रपत्रिकाहरूले पनि यी दुवै क्षेत्रहरूमा केही न केही उपलब्धि हासिल गरेकै थिए । त्यसै कारणले नेपालमा आधा शताब्दिको पत्रकारिताको इतिहासले आफ्नो प्रारम्भिक स्वरूप, सोचाइ, कार्यविधि, उपयोगिता, महत्व र प्रविधिसँग आमजनताको परिचय गराउन सक्नुलाई प्रमुख उपलब्धिको रुपमा लिनु पर्छ । यसकालपछि नेपालबाहिर नेपाली पत्रपत्रिकाहरू पहिलेको तुलनामा वृद्धि भइरहेको नदेखिए पनि तुलनात्मक रूपमा नेपालभित्र केही बढी नै पत्रपत्रिकाहरू जन्मनुलाई अर्को उपलब्धि मान्नु पर्छ ।

१९९१ सालमा प्रकाशित भएको *शारदा* पछि लगभग १५ वर्षको अवधिबीच *उद्योग, घरेलु इलम पत्रिका, काठमाडौं म्यूनिसिपल पत्रिका, आँखा, पुरुषार्थ, नेपाल शिक्षा, साहित्यस्रोत सेवा, इन्द्रधनु, छात्र धारा, कोसेली, प्रगति* आदि पत्रपत्रिकाहरूको प्रकाशन प्रमुख रह्यो । यसले २००७ सालसम्मको अवधिमा प्रकाशित अन्य पत्रपत्रिकाहरूसँग हातेमालो गरी नेपाली पत्रपत्रिकाको इतिहासलाई सबल र समृद्ध बनायो । मुलुकबाहिर पनि यो अवधिबीच *उदय, परिवर्तन, सर्वहितैषी, गोरखा युगवाणी, धर्मोदय, पुरुषार्थ र साथी* जस्ता पत्रपत्रिकाहरू प्रकाशित भइरहेका थिए । यसरी नै भारतका विभिन्न ठाउँहरूमा पढिरहेका छात्रहरूले पनि छात्र सङ्घहरूको माध्यमबाट अनेक पत्रिकाहरूको नियमित रूपमा प्रकाशन गरिरहेको हुँदा पत्रकारिताको विकासलाई थप टेवा मिलेको थियो ।

यसैबीच निश्चित सङ्गठन सिद्धान्त, प्रकृया र वैचारिक मान्यताहरूलाई प्रजातान्त्रिक व्यवस्थाको उद्देश्य प्राप्तिका लागि आम मानिससम्म पुऱ्याउने प्रचार माध्यमको रूपमा पनि पत्रकारितालाई उपयोग गर्ने प्रचलन बढिसकेको थियो । नेपाली प्रजातान्त्रिक आन्दोलनले पनि यस्तै प्रक्रियालाई अनुकरण गरी सङ्गठनको मुखपत्रको रूपमा पत्रपत्रिकाहरू प्रकाशित गर्ने परम्परा बसालेको देखिन्छ । यस-पछि पत्रपत्रिकाको इतिहासमा देहरादूनको *गोरखाली*ले प्रारम्भ गरेको परम्परामा एक थप आयाम देखा परेको थियो । राजनीतिक दलको रूपमा २००५ सालतिर

कलकत्तामा स्थापित भएको नेपाली काङ्ग्रेस पार्टीले आफ्नो पार्टीको मुखपत्रको रूपमा सर्वप्रथम *नेपाल पुकार* नामक पत्रिका प्रकाशन गरेर राजनीतिक दलहरूका लागि पनि पत्रकारिता गरिने नयाँ युगको श्रीगणेश गऱ्यो । यसरी साहित्यिक विकास, राजकाजको सूचना, देश विदेशका खबर र घटनाहरूको जानकारी, मानवीय ज्ञानमा वृद्धि, मनोरञ्जन र सर्वसाधारणको पक्षमा बोल्ने जस्ता परम्परागत उद्देश्यहरूलाई पूरा गर्ने काममा प्रयासरत नेपाली पत्रकारिताले नयाँ मोड लिएको देखिन्छ । राजनीतिक चेतना र प्रतिबद्धताको सन्देश आमजनतासम्म पुऱ्याउने महत्वपूर्ण जिम्मेवारी पनि प्रजातन्त्र प्राप्तिको केही कालपहिले लिएको यो अवसर पहिलो र महत्वपूर्ण थियो । सुख-दुःख, सहज-अहसज र प्रतिकूल-अनुकूलका सबै स्थितिहरूलाई पार गर्दै नेपाली पत्रकारिताले यतिबेलासम्म आफ्नो पहिचान बनाउन सकेको र अस्तित्व बचाउन सकेको प्रेरणास्पद स्थिति पाइन्छ ।

२००७ सालमा प्रजातन्त्र आएपछि युगान्तकारी भन्न सकिने आमूल परिवर्तनका अनेक ढोकाहरू नेपालमा एकैचोटि खुले । यसैकारणले नेपाली समाजमा विभिन्न प्रकारका नयाँनयाँ वैचारिक मान्यताहरूको परिचय पनि तेजीका साथ स्थापना हुने क्रम बढ्दै जाने अनुकूल वातावरण बन्दै थियो । यी परिवर्तनहरूमध्ये नेपाली समाजले प्रेस स्वतन्त्रताको अधिकारद्वारा नागरिकका मौलिक अधिकारहरूलाई उपयोग गर्न प्रकाशन र लेखन स्वतन्त्रताको माध्यमलाई अभ्यासमा रोजेको कुरा प्रमुख थियो । यसरी २००७ सालपछि प्रेस र प्रकाशन स्वतन्त्रताको राजनीतिक प्रत्याभूति पाएको नेपाली पत्रकारिताले आजका दिनसम्म अनेक सङ्घर्ष गरी आफ्नो अस्तित्व बचाउने, सम्मानजनक स्थान बनाउने, मानवीय गरिमाको रक्षा गर्ने, आफूलाई न्याय र सर्वसाधारणको पक्षमा उभ्याउने र आमजनतालाई सुसूचित गर्ने आफ्नो प्रारम्भिक उद्देश्यलाई पूरा गर्नेजस्ता जिम्मेवारीपूर्ण कार्यहरूलाई उच्च मनोबलका साथ सम्पादन गरिरहेको छ । त्यसैले यस्ता प्रकारका सबै यथार्थहरूलाई अध्ययन गर्दा नेपाली पत्रकारिताको अतीत गौरवमय, सङ्घर्षमय, महिमामय र स्वावलम्बनपूर्ण रहेको बुझिन्छ ।